मुनाल
नेपाल पन्छी संरक्षण संघ
त्रैमासिक पत्रिका वर्ष २० पुस/चैत २०७६

# नेपालमा गिद्ध संरक्षण: स्थानीय समुदायको योगदान

- भूपाल नेपाली

गिद्ध शिकारी चरा समूह अन्तरगत पर्ने मांसाहारी पन्छी हो। प्रकृतिका कुचीकारका नामले चिनिने गिद्धले वातावारण सफा गर्ने, विभिन्न महामारी रोग लाग्नबाट बचाउँने, पारिस्थितिकीय प्रणाली र खाद्यशृंखला कायम गर्न अहम् भूमिका खेल्ने, धार्मिक तथा सांस्कृतिक महत्त्व बचाइराख्ने आदि जस्ता कार्य गरी मानव जातिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सेवा दिइरहेको छ।

दक्षिण एसियामा नौ प्रजातिका गिद्धहरू पाइन्छन र ती सबै नौ प्रजातिका गिद्धहरू नेपालमा पनि पाइन्छन्। नौ प्रजातिका गिद्धहरू मध्ये डङ्गर गिद्ध, सानो खैरो गिद्ध, लामो ठुँडे गिद्ध, सुन गिद्ध अति सङ्कटापन्न अवस्थामा, गोब्रे गिद्ध सङ्कटापन्न, हिमाली गिद्ध र हाडफोर गिद्ध सङ्कटको नजिक र खैरो गिद्ध सामान्य अवस्थामा छन्।







नेपाल पन्छी संरक्षण संघले स्थानीय साझेदार संस्था तथा सरोकारवाला निकायहरूको सकृय सहभागिता, परिचालन, जिम्मेवारी, जवाफदेहिता र पारदर्शिताबाट नै गिद्ध, अन्य चरा र जैविक विविधताको दिगो संरक्षण गर्न सकिन्छ भन्ने मान्यता अनुरूप करीब दुई दशक अघिदेखि नै दुर्लभ गिद्धको संरक्षण अभियानको शुरुवात गरिएको थियो। जुन अभियान विश्व संरक्षण समुदायमाझ सफल र अनुकरणीय ठानिएको छ। नेपालमा गिद्ध संरक्षणको प्रमुख आधार स्तम्भ भनेको नै समुदायमा आधारित तथा समुदायसँगको सहकार्यमा सञ्चालित संरक्षणका क्रियाकलापहरू नै हुन्। विभिन्न संरक्षित क्षेत्रहरू, जिल्ला स्तरमा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, डिभिजन वन कार्यालय, इलाका वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक वन उपभोक्ता समिति, नगरपालिका, गाँउपालिका र संरक्षण संस्थाहरूसँग समन्वय गरिराखेको छ।

स्थानीय समुदायहरूकै अग्रसरतामा नेपालमा जटायु रेष्टुरेन्ट स्थापना र सञ्चालन गरिएको हो जसको उद्देश्य गिद्धलाई शुद्ध विषादि रहित आहार उपलब्ध गराई संरक्षण गर्ने हो। सर्वप्रथम सन् २००६ मा सामुदायिक वन उपभोक्ताहरूको सकृयतामा नवलपरासीको कावासोती, पिठौलीमा विश्वकै पहिलो समुदायद्धारा सञ्चालन गरिएको जटायु रेष्टुरेन्टको स्थापना गरियो। नवीनतम अवधारणामा स्थापित यस रेष्टुरेन्टको सफलता पछि यस प्रकारका जटायु रेष्टुरेन्टहरू रूपन्देहीको गैंडाहवा ताल, दाङको लालमटिया र बिजोरी, कैलालीको खुटिया, कास्कीको घाँचोक र सुनसरीको रामधुनीमा पनि विस्तार गरिएको छ। यसरी खोलिएका जटायु रेष्टुरेन्टले एकातिर बृद्ध र छाडा चैपायाहरूको रेखदेख गरी पशु कल्याणकारी र लोपोन्मुख गिद्ध बचाउने काम गरेका छन् भने अर्कातिर वातावरण स्वच्छ राख्नुका साथै पर्या-पर्यटन प्रवर्द्धन, स्थानीयवासीको जीविकोपार्जन र वन्यजन्तु अनुसन्धान केन्द्रको रूपमा विकसित हुँदैछन्।

नेपालमा गिद्धको घना वासस्थान पश्चिम नेपालको तराई र मध्य पहाडमा रहेका सामुदायिक वन र निजी जग्गाहरूमा वितरित छन जसको अनुगमन र संरक्षणमा स्थानीय समुदायको महत्त्वपूर्ण योगदान छ। गिद्ध र तिनका गुँड अनुगमनका लागि आवश्यक फारम र प्राविधिक सहयोग नेपाल पन्छी संरक्षण संघले स्थानीयहरूलाई उपलब्ध गराउने गरिएको छ र प्रत्येक वर्ष तालिम र फिल्डमा पनि सिकाउने गरिन्छ। गिद्धको वासस्थान भएका वा अन्य सामुदायिक वनमा त्यस आसपासका गाँउघरमा कालगतिले मरेका पशुचौपायाहरूलाई कुनै निश्चित क्षेत्रमा फाली गिद्धलाई शुद्ध आहारा उपलब्ध गराउने अभ्यास पनि गरिँदै आएको छ। वासस्थान क्षेत्र वा अन्य कुनै स्थानमा घाइते वा मरेका गिद्धहरू भेटेमा नजिकैको पशुसेवा केन्द्र वा इलाका वन कार्यालय, गिद्ध संरक्षणमा काम गरिरहेका स्थानीय संस्थाहरू वा नेपाल पन्छी संरक्षण संघमा खबर गरी उद्दार र उपचारमा टेवा पुऱ्याउनु भएको छ। अग्ला र ठुला तथा गिद्धको वासस्थानकालागि उपयुक्त रुखहरू र जङ्गल जोगाई गिद्ध संरक्षणमा सहयोग गरिएको छ तर पछिल्ला दिनहरूमा कतिपय गिद्धका वासस्थान क्षेत्रमा लागू गरिएको वैज्ञानिक वन व्यवस्थापनले गिद्धहरू विस्थापित पनि भएका छन्।




प्रत्येक वर्ष सेप्टेम्बर महिनाको पहिलो शनिबार तथा त्यस सप्ताहभर मनाइने अन्तराष्ट्रिय गिद्ध सचेतना दिवस पनि प्रत्येक वर्ष देशका करीब ३० स्थानमा स्थानीय समुदायको अग्रसरतामा मनाइने गरिन्छ। जसले गिद्धको महत्त्व, लोप हुनुको कारण र संरक्षण सहभागिताबारे जनचेतना जगाउनका योगदान दिएको छ।

गिद्धलाई हानिकारक एनएसएआइडीको बजार सर्वेक्षण तथा अनुगमनमा र प्रयोग न्युनीकरणमा पनि स्थानीय समुदायको ठुलो भूमिका छ। नेपाल पन्छी संरक्षण संघका जीव विज्ञ, प्राविधिक र सामुदायिक परिचालक, जिल्ला पशुसेवा कार्यालय र मातहत निकायका प्रतिनिधि र जिल्लास्थित अन्य सरोकारवाला निकाय र पत्रकारहरूले भेटेरिनरी पसलहरूको संयुक्त अनुगमन गर्ने गर्दछन्। यस क्रममा कहिँ कतै डाइक्लोफेनेक पाइएमा उक्त औषधी जफत गर्ने र डाइक्लोफेनेक तथा अन्य गिद्धको लागि हानिकारक औषधीहरूको पशु उपचारमा प्रयोग नगरी गिद्ध संरक्षणमा टेवा पुऱ्याउन अनुरोध एवम् सचेत गराउने गरिएको छ।

गिद्ध संरक्षण विशुद्ध एकल अभियानले मात्र सम्भव नहुने हुँदा यसलाई साझेदारी तथा सहभागितामूलक जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन एवम् पर्यटन उद्योग र विकास सँगसँगै लैजाने प्रयत्न गरिँदै छ। यस मूलमन्त्रलाई अनुसरण गर्दै नेपाल पन्छी संघको अभिभावकत्वमा गिद्ध संरक्षणमा काम गर्ने देशभरका स्थानीय साझेदार संस्था र सरोकारवाला निकाय सदस्य रहेको नेपाल गिद्ध संरक्षण राष्ट्रिय सञ्जालको गठन गरिएको छ जसले स्थानीय स्तरमा गिद्ध संरक्षण सचेतना तथा वकालत अभियान चलाउने र एकअर्काका अनुभवहरू साटासाट गर्ने काम गरिरहेका हुन्छन्। स्थानीय साझेदार सस्थाहरूलाई प्रभावकारी गिद्ध संरक्षण तथा अनुगमन, गिद्ध सुरक्षित क्षेत्र व्यवस्थापन, आर्थिक श्रोत सङ्कलन, परियोजना प्रस्ताव लेखन, प्रतिवेदन लेखन, संस्था, स्वयमूसेवी तथा समुदाय परिचालन, लेखा व्यवस्थापन, स्थलगत भ्रमण तथा तालीम जस्ता क्षमता अभिबृद्धि हुने खालका कार्यहरूमा सहजीकरण गर्दै आएको छ। गिद्ध रेष्टुरेन्ट तथा वासस्थान भएका





क्षेत्रमा वसोवास गर्ने आर्थिक अवस्था अति कमजोर भएका विपन्न व्यक्ति तथा समूहहरूको सीप र क्षमता अभिबृद्धि गर्दै, उपलब्ध स्थानीय श्रोत साधनको उचित परिचालन गरी लघुउद्यम कार्यक्रमहरू मार्फत जीविकोपार्जन र आर्थिक अवस्था सुधारमा ल्याउने काममा पनि सहयोगीको भूमिका निर्वाह गर्दै आएको छ। जसले गर्दा उनीहरूमा संरक्षण प्रति अपनत्वको भावनाको विकास तथा संरक्षणमा ज्ञान अभिबृद्धि भई निरन्तर तथा दिगो रूपमा आफ्नो क्षेत्रमा संरक्षण कार्यप्रति प्रतिबद्ध भएका छन्।

गिद्ध र जैविक विविधता संरक्षणमा जनसहभागिता र जनचासो अपरिहार्य छ साथै दीर्घकालीन संरक्षण स्थानीय समुदाय, परम्परागत जाति, संरक्षण समूहहरू, राजनैतिक शक्ति, सरकारी, गैरसरकारी र निजी क्षेत्रको समन्वयात्मक क्रियाशिलता, एकिकृत सोच, अवधारणा र कार्यक्रमहरूबाट नै सम्भव छ। यस प्रकारको समुदायमा आधारित गिद्ध संरक्षण कार्यक्रमको नियमितताको लागि स्रोतको पहिचान तथा सुनिश्चितता, समुदाय सशक्तिकरण, सामुदायिक वनको कार्ययोजनामा गिद्ध तथा जैविक विविधता संरक्षणका क्रियाकलापहरूको मूलप्रवाहीकरणमा जोड दिनुपर्दछ। नेपालमा हालसम्मका गिद्ध संरक्षणका कार्यक्रमहरू मुलत दाताहरूमा निर्भर छन् जुन दीर्घकालसम्म सञ्चालित नहुन सक्छन्। तर देशको बदलिँदो संरचनामा स्थानीय निकायहरू स्वायत्त र शक्ति सम्पन्न भएको वर्तमान अवस्थामा ती निकायहरूले आफ्नो कार्यक्रममा गिद्ध संरक्षण तथा गिद्ध सुरक्षित क्षेत्रको दिगो व्यवस्थापन, पूर्वाधार विकास र अध्ययन अनुसन्धान जस्ता कार्यक्रमहरूलाई मूलप्रवाहिकरण गर्न जरुरी छ। प्रदेशस्तरमा पनि प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पनि यस प्रकारको कार्यक्रमलाई आत्मसाथ गरी दिगो व्यवस्थापनमा टेवा पुग्ने अपेक्षा छ। वातावरणीय सुरक्षा प्रबन्धका लागि नीतिगत, कानूनी र संरचनागत सुधार गर्दै सफलता उन्मुख, अभ्यासमा आधारित सहभागितामूलक पद्दति अवलम्बन गरी यस्ता गिद्ध सुरक्षित क्षेत्रको दिगो व्यवस्थापनका बहुसरोकारवाला निकायको समन्वयमा कार्यक्रमहरू सञ्चालन गर्न जरुरी देखिन्छ। यी कार्यहरूले अन्तत वर्तमान सरकारले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने राष्ट्रिय सङ्कल्पलाई साकार पार्न सहयोगी बन्दै नेपाल पक्ष राष्ट्र भएका वातावरण सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, अभिसन्धी तथा सम्झौताहरूको प्रभावकारी कार्यान्वयन गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न समेत टेवा पुऱ्याउनेछ।

'चरालाई चारा' अभियानमा सहकार्य गरौं।
a BCN initiative to save Nepal's endangered birds.
PLEDGE AND DONATE TODAY

| | |
|---|---|
| सम्पादक | निरज दाहाल |
| लेआउट | क्यालिग्राफिक डिजाइन स्टुडियो |
| प्रकाशक | नेपाल पन्छी संरक्षण संघ |

# चिर्बिर... भङ्गेरा र भङ्गेरीको



भङ्गेरा र भङ्गेरी
चिर्बिर गर्दै भुइँभरी
चारो खान्थे पहिले त
कता गए अहिले त

गुँड लाउथे
टउवामा र कटेरा
जोडा जोडी मिलेर
हुर्काउँथे बचेरा

भुरभुर उड्थे छानामा
फुर्फुर खेल्थे आँगनमा
तिर्खाएको बेलामा
पानी खान्थे भाँडामा

अहिले टउवा कटेरा
भत्काइ दिए लौ हेर
गाँस बास उनको हरायो
जीवन सङ्कटमा पर्यो

पक्की घर भएनी
एउटा रुख आँगनमा
खोपाखोपी गारोमा
गरिदिनु जोरजाम
चारोपानी भाँडामा

- जय एन. भण्डारी





# समाचार संक्षेप

## नेपाल पन्छी संरक्षण संघको ३७ औँ वार्षिक साधारण सभा सम्पन्न

नेपाल पन्छी संरक्षण संघको ३७ औँ वार्षिक साधारण सभा यहि पौष २६ गतेका दिन होटल मुनलाइटमा सम्पन्न भयो। उक्त ३७ औँ वार्षिक साधारण सभाको अवसरमा संघले चरा र जैविक विविधता संरक्षणमा सक्रिय दुई स्थानीय सस्था पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र दाङ र हिमाली संरक्षण मंच, ताप्लेजुङलाई जनही रु. एक लाख राशीको NBCN Grant Award प्रदान गरेको थियो। त्यसैगरी लोपोन्मुख गिद्धको अध्ययन अनुसन्धानका लागि दुई विद्यार्थी प्रमिसा खनाल र सङ्गिता बस्याललाई जनही ३० हजार र प्रमाणपत्र सहित जटायु छात्रवृति प्रदान गरिएको छ। उक्त अवसरमा भोगेन्द्र रायमाझी, जयानाथ भण्डारी, उत्सव जङ्ग थापा, पेम्बा शेर्पा, प्रा. डा. ऋषि विक्रम शाह र ज्योतेन्द्र ज्यू ठकुरीलाई नेपाल पन्छी संरक्षणमा संघको संरक्षक सदस्यको रूपमा सम्मानित गरिएको थियो।




संस्थाका अध्यक्ष राजेन्द्र गुरुङको सभापतित्व र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक गोपाल प्रकाश भट्टराईको प्रमुख आतिथ्यतामा सम्पन्न ३६ औँ वार्षिक साधारण सभामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशक श्याम सुन्दर बजिमय, वन तथा भू-संरक्षण विभागका पूर्व उप महानिर्देशक अनुजा शर्मा, डब्लूडब्लूएफ नेपालका राष्ट्रिय प्रतिनिधि घनश्याम गुरुङ, आईयूसीएन नेपालका प्रतिनिधि नरेन्द्रमान बाबु प्रधानले संस्थाको आगामी कार्यसफलताको शुभकामना दिनुभएको थियो। संस्थाका महासचिव विमल थापाले गत वर्षको कार्यक्रम प्रगति प्रतिवेदन र कोषाध्यक्ष अशोक मल्लले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उक्त अवसरमा सस्थाले विगत तीन दशकदेखि निरन्तर रूपमा गरिएका चरा र जैविक विविधताको क्षेत्रमा गरेका कार्य प्रगति सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत इशाना थापाले प्रस्तुती राख्नु भएको थियो।

## प्रजनन् केन्द्रमा हुर्काइएका गिद्ध प्राकृतिक वासस्थानमा

चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको गिद्ध संरक्षण तथा प्रजनन् केन्द्रमा कोरलिएका र त्यहाँ हुर्काइएका १३ डङ्गर गिद्धलाई नवलपुर कावासोतीको पिठौलीमा रहेको रिलीज एभिएरीबाट २०७६ कार्तिक २ गते शनिबारको दिन प्राकृतिक वासस्थानमा छाडियो। गिद्ध संरक्षण तथा प्रजनन् केन्द्रबाट करीब ६ महिना अघि पिठौलीमा रहेको रिलीज एभिएरीमा ल्याई जङ्गली गिद्धसँग घुलमिल गराई अन्तत प्राकृतिक वासस्थानमा छाडिएको हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक गोपाल प्रकाश भट्टराईको प्रमुख आतिथ्यता र नेपाली सेना, राष्ट्रिय निकुञ्ज शाखाका निर्देशक शरद ढकालको विशेष उपस्थितिमा गिद्धलाई प्राकृतिक वासस्थानमा छाडिएको हो जुन कार्यक्रममा चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत नारायण रूपाखेती, डिभिजन वन कार्यालय नवलपुरका प्रमुख पुणनेश्वर सुबेदी, लामीचौर मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति अध्यक्ष वासुदेव पौडेल, नेपाल पन्छी संरक्षण संघकी प्रमुख कार्यकारी अधिकृत इशाना थापा, जेडएसएल नेपालका वरिष्ठ कार्यक्रम अधिकृत भोगेन्द्र रायमाझी, राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र, सौराहाका प्रमुख रामकुमार अर्याल र जटायु रेष्टुरेण्ट सञ्चालक समिति संयोजक डीबी चौधरीको उपस्थिति थियो। पहिलो पटक वि.स. २०७४ को मङ्सिरमा ६ वटा गिद्ध र दोस्रो पटक २०७५ को असोजमा १२ वटा गिद्ध प्राकृतिक वासस्थानमा छाडिसकिएको छ। प्रजनन् केन्द्रमा हुर्काइएका गिद्धहरूलाई सुरक्षित प्राकृतिक वातावरणमा पुर्नस्थापना गराउने लक्ष्यका साथ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको गिद्ध पुर्नस्थापना कार्ययोजना २०१६-२०१६ अनुसार यो कार्यसम्पन्न गरिएको हो। यसरी प्रकृतिमा छाडिएका ३१ गिद्धको आनीबानी र नियमित अनुगमन सहजताका लागि ढाडमा स्याटेलाइट ट्याग जडान गरिएको छ भने ३० जङ्गली डङ्गर गिद्धमा पनि स्याटेलाइट ट्याग लगाइएको छ जसको सहायताले यी गिद्धहरू बिचको अन्तरक्रिया र तुलनात्मक अध्ययनमा मद्दत गरिरहेको छ।




## SAVE को नवौं बैठक भारतमा सम्पन्न

गिद्धलाई क्षेत्रीय र राष्ट्रिय स्तरबाट मात्र संरक्षण नगरी अन्तरदेशीय साझेदारीमा संरक्षण अभियान चलाउले उद्देश्यले 'एसियाली गिद्ध लोपहुनबाट बचाऊ-सेभ' (Saving Asia's Vulture from Extinction -SAVE) को नवौं बैठक २०७६ कार्तिक १८-२० सम्म पिन्जोर भारतमा



सम्पन्न भयो। सेभमा नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, म्यानमार, कम्बोडियालगायत बेलायतका गिद्ध संरक्षणमा काम गर्ने विभिन्न निकाय, विज्ञ र संरक्षणकर्मी संलग्न छन्। यसले अन्तराष्ट्रिय स्तरमै गिद्ध संरक्षणका कार्यक्रमहरूलाई दिगो बनाउन श्रोत र साधन जुटाउन, एकरूपता ल्याउन र सहयोगि सस्थाहरूको कार्यक्षमता बृद्धि गर्न प्रमुख भूमिका निभाइरहेको छ। नेपालको तर्फबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका, चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत बेद बदादुर खड्का, राष्ट्रिय प्रकृति संरक्षण कोष, सौराहाका प्रमुख राम कुमार अर्याल र नेपाल पन्छी संरक्षण संघका गिद्ध संरक्षण कार्यक्रम व्यवस्थापक कृष्ण भुसालले नेपालमा गिद्ध संरक्षणमा भएका कार्य प्रगति र आगामी कार्यदिशा सम्बन्धमा प्रस्तुती राख्नुभएको थियो। समुदायमा आधारित गिद्ध संरक्षण कार्यक्रमको माध्यमले नेपालले लोपोन्मुख गिद्ध संरक्षणमा हासिल गरेको सफलता विश्व संरक्षण समुदायकालागि अनुकरणीय बनेको छ। उक्त बैठकमा नेपालबाटै थालनी गरिएको गिद्ध सुरक्षित क्षेत्र स्थापना र प्रजनन् केन्द्रमा बच्चा कोरलिएर हुर्काइएका गिद्धहरूलाई सफलतापूर्वक प्राकृतिक वासस्थानमा पुनर्वास गराउने कार्यको सबैले प्रशंसा गरेका थिए। नेपाल सरकारले लागू गरेको प्रथम पञ्चवर्षीय कार्ययोजना 'गिद्ध संरक्षण कार्ययोजना सन् २०० ६–२०१३' र दोस्रो कार्ययोजना सन् २०१५-२०१६ को कार्यावन्यनमा भएका सफलता तथा चुनौती र आगामी कार्ययोजना निर्माण सम्बन्धको पनि बैठकमा जानकारी गराइएको थियो।

## पूर्वी नेपालका थप दुई जिल्ला पशु उपचारमा डाइक्लोफेनेक मुक्त घोषणा

पाँचथर र ताप्लेजुङ जिल्लालाई मिति २०७६ मङ्सिर १ र २ गतेका नेपालको ७१औँ र ७२औँ पशु डाइक्लोफेनेक मुक्त जिल्लाका रूपमा जिल्लाका सरोकारवाला निकायहरूमाझ घोषणा गरिएको हो। पाँचथर जिल्लाको पशु डाइक्लोफेनेक मुक्त घोषणा कार्यक्रमको अध्यक्षता जिल्ला समन्वय समितिका प्रमुख बिष्णु प्रसाद सापकोटा र कार्यक्रमको प्रमुख अथिति जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी मुरारी वस्तीले गर्नुभएको थियो। कार्यक्रममा जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारी विनोद कुमार दाहाल, फिदिम नगरपालिकाका अधिकृत तिर्थराज मिश्र, कृषि ज्ञान केन्द्रका विनय महर्जन, जिल्ला प्रहरी कार्यालयका सन्तोष तामाङ, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका डा. इन्द्र नारायण साह, गैर सरकारी संस्था महासंघका उपाध्यक्ष छोमाया तामाङ, स्थानीय तथा राष्ट्रिय स्तरका पत्रकार वर्ग, भेटेरिनरी प्राविधिक, एग्रोभेटका सञ्चालकहरू, किसान, स्थानीय जन प्रतिनिधिहरू र स्थानीय संरक्षणकर्मीहरूको सहभागिता रहेको थियो।

त्यसैगरी ताप्लेजुङ जिल्लाको पशु डाइक्लोफेनेक मुक्त घोषणा कार्यक्रमको अध्यक्षता जिल्ला समन्वय समितिका निमित्त प्रमुख बम बहादुर भट्टराई र कार्यक्रमको प्रमुख अथिति जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी केशव खतिवडाले गर्नुभएको थियो। कार्यक्रममा फुङलिङ नगरपालिका अधिकृत विक्रम गुरुङ, डिभिजन वन कार्यालयका जिल्ला वन अधिकृत मोहनलाल कर्ण, जिल्ला समन्वय समितिका निमित्त जिल्ला समन्वय अधिकारी केशव हुमागाई, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख डा. इन्द्र नारायण साह, जिल्ला प्रहरी कार्यालयका गजेन्द्र प्रसाद फुयाँल, कञ्चनजङ्गा संरक्षण क्षेत्रका दिपक लिम्बु, कृषि ज्ञान केन्द्रका अधिकृत चन्द्र प्रसाद पौडेल, डिभिजन वन कार्यालयका सहायक वन अधिकृत वीरेन्द्र प्रसाद साह, नेपाल पत्रकार महासंघका प्रयास लिम्बु, सञ्चारकर्मी, स्थानीय सामाजिक संघ संस्थाका प्रतिनिधिहरू, किसान, भेटेरिनरी प्राविधिक, एग्रोभेटका सञ्चालकहरू र स्थानीय संरक्षणकर्मीहरूको सहभागिता रहेको थियो।




## चरा र जैविक विविधताको संरक्षणमा काम गर्ने स्थानीय संरक्षण संस्थाको राष्ट्रिय कार्यशाला जगदीशपुरमा सम्पन्न

नेपाल पन्छी संरक्षण संघको नेतृत्वमा देशभरका चरा तथा जैविक विविधताको क्षेत्रमा काम गर्ने स्थानीय संरक्षणकर्मीहरूको तीनदिने राष्ट्रिय कार्यशाला २०७६ पौष ३-५ गते चराको स्वर्ग मानिने जगदीशपुरमा सम्पन्न भएको छ। उक्त कार्यशालाको उदघाटन प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री लिला गिरीले गर्नुभएको थियो। कार्यक्रमको उदघाटन गर्दै प्रमुख अतिथी माननीय मन्त्री लिला गिरीले पर्यावरण संरक्षणमा स्थानीय समुदायको मुख्य भूमिका रहने हुँदा यस प्रकारका कार्यक्रमहरूले क्षमता अभिबृद्धि र एक आपसमा ज्ञानको आदानप्रदानमा सहयोग पुग्ने अपेक्षा राख्दै प्रदेश सरकार चरा र जैविक विविधता संरक्षण, स्थानीय समुदायको जीविकोपार्जन र पर्यापर्यटन प्रवर्द्धनमा सदैव सहयोग गर्ने प्रतिबद्धता पनि जनाउनुभयो। जगदीशपुर जलाशय बहुशरोकार मञ्चका अध्ययक्ष ललित गुरुङको अध्यक्षतामा अघि बढेको कार्यक्रमका अन्य अतिथिहरूमा माननीय दीर्घनारायण पाण्डे, माननीय विष्णु पन्थी, माननीय शहसराम यादव, प्रमुख जिल्ला अधिकारी गजेन्द्र बहादुर श्रेष्ठ, जिल्ला प्रहरी प्रमुख दिप शमशेर राणा, सशस्त्र प्रहरी बल प्रमुख जनक गिरी, बाणगङ्गा सिचाई व्यवस्थापन कार्यालय प्रमुख कोपुला श्रेष्ठ हुनुहुन्थ्यो। उद्घाटन सत्रमा नेपाल पन्छी संरक्षण संघको प्रमुख कार्यकारी अधिकृत इशाना थापाले आफ्नो प्रस्तुती राख्दै नेपालमा समुदायमा आधारित भएर गरिएको चरा तथा जैविक विविधताको संरक्षण अभियान विश्व संरक्षण समुदायका लागि अनुकरणीय कार्य भएकोले यसको दीर्घकालीन संरक्षणमा स्थानीय समुदाय र सरोकारवाला निकायको हातेमालो जरुरी रहेको औँल्याउनु भयो। कार्यशालामा सहभागी चरा, तिनको वासस्थान र जैविक विधिता संरक्षणमा भएका कार्यहरूको समीक्षा तथा आगामी कार्य योजनाहरूको तय तथा

समुदायको सशक्तिकरणका विषयमा प्रशिक्षण तथा छलफलहरू भएका थिए। कार्यशालामा सहभागी साझेदार संस्थाका प्रतिनिधिहरूले चरा र तिनको वासस्थान संरक्षणसँगै स्थानीयको जीविकोपार्जन, चरा अवलोकन पर्यटन प्रवर्द्धन र दिगो विकासमा लाग्ने प्रतिबद्धता जारी गरेका छन्। तीन दिनसम्म चलेको उक्त कार्यक्रममा नेपालमा रहेका विश्वमै परिचित ३७ महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रमध्ये २५ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रका प्रतिनिधिहरू करीब ४० जिल्लाबाट सहभागी भएका थिए।



## विश्व सिमसार दिवस मनाइयो

विश्व सिमसार दिवस फेब्रुअरी २, २०२० काठमाण्डौंलगायत देशभर विभिन्न कार्यक्रमहरू गरी मनाइयो। यसै सन्दर्भमा कीर्तिपुर नगरपालिका र नेपाल पन्छी संरक्षण संघको संयुक्त आयोजनामा काठमाण्डौ उपत्यकाको महत्त्वपूर्ण सिमसार क्षेत्र तथा आगन्तुक पाहुना चराको आश्रयस्थल टौदहमा सरोकारवाला निकायमाझ घनिभूत छलफल भयो।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै कीर्तिपुर नगरपालिका ६ का वडाअध्यक्ष न्हूछेँ बहादुर महर्जनले टौदहको दिगो संरक्षणमा स्थानीय समुदायलाई साथै लिएर जानुपर्ने र बहुआयामिक पक्षलाई ख्याल गर्नुपर्ने औँल्याउनु भयो। नेपाल पन्छी संरक्षण संघको कार्यसमिति सदस्य राजकुमार राई र रमेश चौधरीले सिमसार क्षेत्र र पर्यावरणको सूचकको रूपमा हेरिने यी बसाइ सरी आउने हिउँदे आगन्तुक पानीचराको संख्यामा आएको उल्लेख्य गिरावटले टौदहको बिग्रँदो वातावरणीय सन्तुलन र प्राकृतिक स्रोतहरूको ह्रासलाई जनाउने हुँदा सबैपक्षले हातेमालो गरी यसको संरक्षणमा लाग्न जरुरी रहेको बताउनुभयो। वरिष्ठ लेखक तथा उपन्यासकार सञ्जीव उप्रेतीले टौदह सामान्य पोखरी मात्र नभई मानिस, पारिस्थितिकीय प्रणाली र राष्ट्रहरूलाई जैविक रूपमा जोडिरहेका चराहरूको पनि क्षेत्र हो जसलाई विश्व संरक्षण समुदायमाझ उदाहरणीय क्षेत्र बनाउन सकिने बताउनुभयो। संरक्षण अभियन्ता विकास बस्नेत, भुषण श्रेष्ठ, सुरेन्द्र महर्जन, रुमन श्रेष्ठ, सेर्जु प्रधान, चुङ्बा शेर्पा र गोकुल थापाले टौदहको सिमसारीय महत्त्व र साहसिक तथा जोखिमपूर्ण यात्रा गरी आउने चराहरूले पहिल्याउने यस क्षेत्रको विशेषताको दिगो संरक्षण र विकासमा सबैको हातेमालो जरुरी रहेको औँल्याउनु भयो। कीर्तिपुर नगरपालिका २ का वडाअध्यक्ष रमेशमान डङ्गोल, कीर्तिपुर नगरपालिकाकी उपमेयर सरस्वती खड्का र कार्यक्रमका अध्यक्ष कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले देशको बदलिँदो संरचनामा स्थानीय निकायहरू स्वायत्त र शक्ति सम्पन्न भएको वर्तमान अवस्थामा पर्यावरण मैत्री दीर्घकालीन योजना र नेपाल पक्ष राष्ट्र भएका वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि तथा सम्झौताहरूको प्रभावकारी कार्यान्वयनमा लाग्ने कुराको जानकारी दिँदै स्थानीय तहले स्थानीय स्तरमा सिमसार क्षेत्रको संरक्षणलाई सहभागितामूलक जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन एवम् पर्यटन उद्योग र विकास सँगसँगै लैजान समन्वयकारी तथा अभिभावकीय भूमिका निभाउनु प्रतिबद्धता व्यक्त गर्नुभयो। चरा पर्यटनको प्रचुर सम्भावना भएको यस ठाउँलाई दीर्घकालीन सोच, कार्ययोजना र चरा मैत्री क्रियाकलापमा आधारित पर्यापर्यटनलाई प्रवर्द्धनमा जोड दिन सबैलाई अनुरोध पनि गर्नुभयो।

त्यसैगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व र संरक्षण साझेदार संस्थाको सहकार्यमा शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्जमा पनि विभिन्न संरक्षण सचेतनामूलक कार्यक्रमहरू गरी दिवस मनाइयो। यसका साथै जगदीशपुर जलाशय कपिलवस्तु, गैँडाताल रूपन्देही, रामपुर दाङ र घोडाघोडी कैलालीमा पनि सिमसार क्षेत्रमा सरसफाई, चरा अवलोकन लगायत विभिन्न संरक्षण सचेतनामूलक कार्यक्रमहरू गरियो।

## अध्ययन अवलोकन भ्रमण सम्पन्न

नेपाल पन्छी संरक्षण संघद्वारा सञ्चालित जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रम अन्तर्गत सामुदायिक वनमा आधारित संरक्षणमुखी कार्यक्रम सम्बन्धी अध्ययन अवलोकन भ्रमण सम्पन्न गरिएको छ। उक्त भ्रमण मिति २०७६ साल पुस १२ देखि १५ गतेसम्म सप्तरी जिल्लाका मझौ, मोहनपुर र मालती सामुदायिक वनमा गरिएको थियो। भ्रमणमा गुल्मी जिल्लास्थित डिभिजनल वन कार्यालय, स्थानीय जनप्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासंघ र सामुदायिक वनका प्रतिनिधि गरी जम्मा १३ जनाको सहभागिता रहेको थियो। मझौ, मोहनपुर र मालती सामुदायिक वनको अवलोकनसँगै त्यस सामुदायिक वनका उपभोक्ता समूहले गरेका संरक्षण सहितको जीविकोपार्जनका केहि उदाहरणीय कार्यहरूको अवलोकन गर्न भ्रमणको मुख्य उद्देश्य थियो।



## अनुगमन कार्य सम्पन्न

नेपाल पन्छी संरक्षण संघद्वारा गुल्मीको रेसुङ्गा र मदाने वन क्षेत्रमा सञ्चालित जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमको अनुगमन कार्य सम्पन्न भएको छ। यही मिति २०७६ साल माघ १५, १६, १७ र १८ गते Dansk Ornitologisk Forening (DOF) बाट Thomas Lehmberg र Toke Nyborg ले नेपाल पन्छी संरक्षण संघले सञ्चालन गरेका विभिन्न कार्यहरूको अनुगमन गर्नुभएको थियो। अनुगमनको सिलसिलमा, मदाने र रेसुङ्गा क्षेत्रमा नेपाल पन्छी संरक्षण संघले सञ्चालन गरेका कार्यक्रमहरूको

अनुगमन गरिएको थियो। रेसुङ्गा र मदाने वन क्षेत्रका विभिन्न महिला समूह, सामुदयिक वन उपोभोक्ता समूह, कृषि समूहका साथै युवा क्लबहरूका पदाधिकारीहरूबाट नेपाल पन्छी संरक्षण संघले सञ्चालन गरेका विभिन्न कार्यहरूका जानकारी लिनु भएको थियो।

## रारा तालमा आगन्तुक पन्छीको अध्ययन

यस संघले रारा तालमा आगन्तुक पन्छीको व्यवहार र उनीहरूमा पर्ने खतराको अध्ययन गर्नलाई यूएसएड पानी परियोजना, डीएएआईको कोष प्राप्त गरेको थियो। सो कार्यक्रम अन्तर्गत पहिलो सर्भे गत डिसेम्बर १२-२६ सम्म गरिएको थियो। यो पहिलो चरणको सर्भेमा ३६ परिवारका १०४ पन्छी प्रजाति मध्ये २५ प्रजातिका आगन्तुक पन्छी अभिलेखन गरिएका थिए।



## परिचयात्मक गोष्ठी सम्पन्न

नेपाल पन्छी संरक्षण संघले रारा तालमा आगन्तुक पन्छीको व्यवहार र उनीहरूमा पर्ने खतराको अध्ययननामक परियोजन को परिचयात्मक गोष्ठी गत १३ डिसेम्बरमा हुटु मुगुमा आयोजना गरियो। यस कार्यक्रमको मुख्य उद्देश्य भनेको परियोजनाको अन्तरालमा गरिने कार्यक्रमहरूको बारेमा जानकारी गराउनु थियो।

## घोडाघोडी ताल क्षेत्रमा ३२ प्रजातिका चरा थपिए

घोडाघोडी ताल क्षेत्रमा ३२ प्रजातिका चराहरू थपिएका छन। नेपाल पन्छी संरक्षण संघका परयोजना सहायक हिरूलाल डङ्गौराले विभिन्न चरा सर्वेक्षणको क्रममा फेला पारेका थिए। फुस्रोपेटे जुरेली बेन्ज स्मेल्ट र हिरूलाल डङ्गौराले २०१८ को मार्चमा अभिलेख गरेका थिए तर चेकलिस्ट प्रकाशन गर्दा छुटेको थियो। मणितुण्डक हाँस २०१६ को जलपन्छी गणनाको क्रममा पचघरा नजिक कन्द्रा नदीमा अभिलेख गरे त्यस्तै कैलो रविन चाहिँ सुखडमा अभिलेख गरे। घोडाघोडी नगरपालिकाको अगुवाइमा बनिरहेको घोडाघोडी ताल क्षेत्रको गुरुयोजना २६ र २७ डिसेम्बर २०१६ मा चुरे क्षेत्रमा फिल्ड सर्वेक्षणमा नौ प्रजातिका चराहरू पिउरा, कालोचिउँडे वनभ्याकुर, कटुसकण्ठे सारौं, नीलटाउके खञ्जरी, धोबिनी खञ्जरी, सेतोकण्ठे खञ्जरी, उमा चाँचर, नेपाल बुङ्गेचरा अभिलेख गरेका थिए। २०२० जलपन्छी गणना को क्रममा बाँके बकुल्ला दयाराम चौधरीले अभिलेख गरे भने फुस्रोपेटे टिसिया अभिलेख गरेका थिए। १८ देखि २५ फ्रुब्रअरी २०२० को पुरा घोडाघोडी ताल क्षेत्रको चरा सर्वेक्षणमा १७ प्रजातिका चराहरू  फुस्रोटाउके हलेसो, बगरबट्टाई, श्येनबाज , मधुमक्षी भक्षका, फुस्रोटाउके काष्ठकूट, सेतोपेटे जुरेचरा, हरियो चिचिल्कोटे, फिर्फिरे, जङ्गल घाँसेफिस्टा, एसियाली भीरगौंथली, कालीकण्ठे राजचिचिल्कोट, हिउँजुरे तोरीगाँडा, चाँदीकाने मिसिया, सियिबा, पुच्छरपाटे छेपारेचरी, खैरो छेपारेचरी, मुरारी पुतलीचरा, मुसे लेकचरी अभिलेख गरिएको थियो।

## पुरैनी ताल चराको लागि नयाँ वासस्थान

पुरैनी ताल बेलौरी नगरपालिका वार्ड नं. ६ भुराकोट कञ्चनपुर जिल्लामा पर्छ। यो ताल २०२० को जलपन्छी गणनाको क्रममा नेपाल पन्छी संरक्षण संघले पत्ता लगाएको थियो। यस तालमा ३३ प्रजातिका चराहरू अभिलेख गरिएको छ। विश्वका दुर्लभ प्रजातिका चराहरू कैलेटाउके हाँस, भुँडीफोर गरुड, सारस फेला परेको हिरूलाल डङ्गौराले जानकारी गराउनु भएको छ। बेलौरी नगरपालिकाका प्रमुख पोतीलाल चौधरीलाई चरा तथा जैविक विविधताको बारे जानकारी गराइसकेपछि ताललाई प्राकृतिक रूपमा नै राखी संरक्षण गर्ने प्रतिबद्धता जनाउनु भयो। पुरैनी ताल उत्तर र पूर्वतिर गाउँले घेरिएको छ भने दक्षिण र पश्चिमतिर खेत तथा कृषि क्षेत्रले घेरिएको छ। जलपन्छी गणनाको क्रममा ५४ प्रजातिका चराहरू अभिलेख गएिको छ।

## सदस्यता

श्री उत्सव जङ्ग थापा यस संस्थाको संरक्षक सदस्य बन्नु भएको छ। नेपाली सेनामा भूपू लेफ्टिनेन्ट कोलोनेल थापा पन्छी र अन्य वन्यजन्तुहरूको तस्वीर खिच्न र प्रकृति संरक्षणमा निकै चाख राख्नु हुन्छ।

श्री पेम्बा शेर्पा यस संस्थाको संरक्षक सदस्य बन्नु भएको छ। विभिन्न पटक सगरमाथा आरोहन गरि सक्नु भएका शेर्पा वातावरण संरक्षणमा निकै अग्रसर हुनुका साथै एउटा कुशल प्रकृति फोटोग्राफर हुनुहुन्छ।

श्री ज्योतेन्द्र ज्यु  ठकुरी यस संस्थाको संरक्षक सदस्य बन्नु भएको छ। यस संस्थामा धेरै वर्ष वरिष्ठ संरक्षका रूपमा सेवा गर्नु भएका ठकुरी चराविद तथा पन्छीको राम्रो तस्वीर लिनु हुन्छ। वहाँ हाल अमेरिकामा वसोवास गर्नु हुन्छ।

त्यस्तै घनश्याम शर्मा, प्रशान्त घिमिरे, दीपक बुढाथोकी, आदित्य श्रेष्ठ, इन्द्र बहादुर परियार, मनबोध चौधरी, गोपाल पौडेल, शैलेन्द्र कुमार पोखरेल, सुमन खड्गी, राजु लामा, राजीव डी. सी., राधा श्रेष्ठ, अनुप शर्मा पनि यस संघको आजीवन सदस्य बन्नुभएको छ।


*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

rspb giving nature a home

Royal Society for the Protection of Birds, UK

BirdLife INTERNATIONAL

BirdLife International





# BirdLife International

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको बासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको बासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्त्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्त्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्त्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउँने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्।

### *BirdLife International कार्यक्रम तथा उद्देश्यहरू*

१. विश्वव्यापी रूपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
२. विश्वव्यापी रूपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउने तथा त्यसबारे प्रकाश पार्ने।
३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।
४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षण सम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्त्वपूर्ण क्षेत्रहरू (Important Bird & Biodiversity Areas, IBAs) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्त्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

# नेपाल पन्छी संरक्षण संघ

## *Bird Conservation Nepal*

नेपाल पन्छी संरक्षण संघ चरा र चराको वासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने प्रमुख खतरा पत्ता लगाउने, तिनीहरूको वासस्थान संरक्षण गर्ने र विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धात रहेको छ। यस संस्थाले चरा तथा जैविक विविधता संरक्षण गर्नका लागि अन्तराष्ट्रिय स्तरमा महत्त्व राख्ने नेपालमा ३७ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरू पहिचान गरी कार्यक्रम गर्दै आइरहेको छ।



नेपाल पन्छी संरक्षण संघ यसका संस्थापक अध्यक्ष, संरक्षकहरू, आजीवन तथा साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेको संस्था हो।

नेपाल पन्छी संरक्षण संघ बर्डलाइफ इन्टरनेशनलको नेपालस्थित सदस्य संस्था हो। हामी चरा तथा जैविक विविधताको संरक्षणका लागि सबैजनाको सहयोगको अपेक्षा गर्दछौं।

**नेपाल पन्छी संरक्षण संघ**
पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@birdlifenepal.org
वेबसाइट www.birdlifenepal.org

*© २०७६ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*